लुम्बिनी प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्याः ०७९/०८०

चलानी नं.:

स्वयंसेवक पदमा दरखास्त दिने सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः २०८०।०२।१०

सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेशको आर्थिक वर्ष २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत स्वयंसेवक परिचालन कार्यकारी समितिको मिति २०७९।१२।१७ को निर्णय एवम् यस मन्त्रालयको मिति २०८०।०२।०९ को निर्णय अनुसार राष्ट्रिय स्वयंसेवक सेवा र मुख्यमन्त्री प्रदेश स्वयंसेवक परिचालन कार्यक्रमका विभिन्न सेवाका तपसिलका स्वयंसेवक पदहरुमा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका उम्मेदवारहरुबाट तपसिल बमोजिम दरखास्त आव्हान गरिएको छ।

२०८०।०२।१०

तपसिल

क. राष्ट्रिय विकास स्वयंसेवक कार्यक्रम अन्तर्गत

| क्रस | पद | विज्ञापन नंवर | सेवा/समूह | पदस्थापना हुने निकाय/कार्यालय/जिल्ला | माग पद संख्या |
|---|---|---|---|---|---|
| १ | इन्जिनियर | १०१/०७९-८० | सिभिल/जनरल | सामाजिक विकास डिभिजन कार्यालय, दाङ | १ |
| २ | इन्जिनियर | १०२/०७९-८० | सिभिल/जनरल | सामाजिक विकास डिभिजन कार्यालय, प्युठान | १ |
| ३ | इन्जिनियर | १०३/०७९-८० | सिभिल/जनरल | सामाजिक विकास डिभिजन कार्यालय, पाल्पा | १ |
| ४ | सब इन्जिनियर | २०१/०७९-८० | सिभिल/जनरल | सामाजिक विकास डिभिजन कार्यालय, दाङ | १ |
| ५ | सब इन्जिनियर | २०२/०७९-८० | सिभिल/जनरल | सामाजिक विकास डिभिजन कार्यालय, प्युठान | १ |
| ६ | सब इन्जिनियर | २०३/०७९-८० | सिभिल/जनरल | सामाजिक विकास डिभिजन कार्यालय, पाल्पा | १ |

ख. प्रदेश मुख्यमन्त्री स्वयंसेवक परिचालन कार्यक्रम अन्तर्गत

| क्रस | पद | विज्ञापन नंवर | सेवा/समूह | पदस्थापना हुने निकाय/कार्यालय/जिल्ला | माग पद संख्या |
|---|---|---|---|---|---|
| १ | सहायक कम्प्युटर अपरेटर | ३०१/०७९-८० | विविध | सामाजिक विकास डिभिजन कार्यालय, प्युठान | १ |
| २ | सहायक कम्प्युटर अपरेटर | ३०२/०७९-८० | विविध | सामाजिक विकास डभिजन कार्यालय, कपिलवस्तु | १ |

पत्र संख्याः ०७९/०८०
चलानी नं.:

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | सहायक कम्प्युटर अपरेटर | ३०३/०७९-८० | विविध | सामाजिक विकास डिभिजन कार्यालय, पाल्पा | १ |

दरखास्त दिने स्थानः सामाजिक विकास डिभिजन कार्यालयहरु भैरहवा रुपन्देही, गजेहडा कपिलवस्तु, तुल्सीपुर दाङ, नेपालगञ्ज बाँके, बजुवार प्युठान र तानसेन पाल्पा।

दरखास्त फाराम यसै मन्त्रालयको वेवसाइट www.mosd.lumbini.gov.np बाट डाउनलोड गर्न सकिनेछ। आफ्नो योग्यता मिल्ने एक भन्दा बढी विज्ञापनमा दरखास्त दिने भएमा दरखास्त फाराममा स्पष्ट रुपमा विवरण भर्नुपर्नेछ।

दरखास्त दिने अन्तिम मितिः २०८०।०२।१६

दरखास्त शूल्कः निःशुल्क

दरखास्तका साथ पेश गर्नुपर्ने कागजातः नेपाली नागरिकताको प्रमाणपत्र, बसाईँसराईँको प्रमाणपत्र (बसाईँसराईँ भएकाको हकमा मात्र) सम्बन्धित काउन्सिल/परिषद् (आवश्यक पर्नेको हकमा) मा दर्ता भएको प्रमाण पत्र, तोकिएको न्यूनतम तथा सो भन्दा मुनिका शैक्षिक योग्यताको प्रमाणपत्र, तालिम आवश्यक पर्नेमा सोको प्रमाण पत्र र समकक्षता आवश्यक पर्नेमा सोको प्रमाणपत्रको सक्कल बमोजिम नक्कल ठिक छ भनी उम्मेदवारले प्रमाणित गरेको प्रतिलिपी ।रीत नपुगेको दरखास्त जुनसुकै समयमा रद्द गर्न सकिनेछ।

परीक्षाको किसिम र आधारः आवश्यक न्यूनतम शैक्षिक योग्यता वापत २५, भौगोलिक बसोबास वापत ५ र अन्तर्वार्ता वापत १० अंक हुनेछ। भौगोलिक बसोबास वापतको अङ्कको गणना नागरिकतामा उल्लेखित ठेगानाको आधारमा गरिने र यदि नागिकताको ठेगाना र हाल बसोबासको ठेगाना फरक भएमा सम्बन्धित स्थानीय तहबाट जारी भएको बसाईँसराईँको कागजातको आधारमा भौगोलिक बसोबास वापतको अंकको गणना गरिनेछ। आवश्यक न्यूनतम शैक्षिक योग्यता र भौगोलिक बसोबास वापतको कूल प्राप्ताङ्कको आधारमा छोटो सूचीमा परेका उम्मेदवार मात्र अन्तर्वार्तामा सहभागी हुन पाउने छन्।

अन्तर्वार्ताको स्थान र समयः अन्तर्वार्ताको स्थान र समय छोटो सूचीको सूचना प्रकाशनको समयमा तोकिने छ।

पदस्थापनको आधारः अन्तिम नतिजामा प्राप्त योग्यताक्रमका आधारमा यसै सूचनामा तोकेको रिक्त निकाय/कार्यालयहरुमा पदस्थापन गरिनेछ।

करार अवधिः एकपटकमा ६ महिनामा नबढ्ने गरी अधिकतम २ वर्षसम्म।

नोटः आवेदकले समान पदको कुनै एक विज्ञापनमा मात्र दरखास्त दिनुपर्नेछ।

न्यूनतम योग्यता र सेवा सुविधाः

१. **इन्जिनियर/सिभिल/जनरल**

- आवश्यक न्यूनतम योग्यताः मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको, नेपाल इन्जिनियरिङ काउन्सिलमा दर्ता भएको, प्रचलित कानुनबमोजिम सरकारी सेवाका लागि अयोग्य नठहरिएको, यस अघि राष्ट्रिय विकास स्वयंसेवक सेवामा स्वयंसेवकको रुपमा नियुक्त नभएको नेपाली नागरिक हुनुपर्ने छ ।

लुम्बिनी प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्याः ०७९/०८०
चलानी नं.:

- मासिक निर्वाह भत्ताः रु २५०००/-र चाडपर्व खर्च वार्षिक रु ६०००/-

२. **सब इन्जिनियर /सिभिल/जनरल**

- आवश्यक न्यूनतम योग्यताः मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा डिप्लोमा वा सो सरह उत्तीर्ण गरेको, प्रचलित कानुनबमोजिम सरकारी सेवाका लागि अयोग्य नठहरिएको, यस अघि राष्ट्रिय विकास स्वयंसेवक सेवामा स्वयंसेवकको रुपमा नियुक्त नभएको नेपाली नागरिक हुनुपर्ने छ ।
- मासिक निर्वाह भत्ताः रु २००००/-र चाडपर्व खर्च वार्षिक रु ६०००/-

३. **सहायक कम्प्युटर अपरेटर**

- आवश्यक न्यूनतम योग्यताः मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.इ.इ वा सो सरह उत्तीर्ण गरी कम्प्युटर विषयमा कम्तीमा ६ महिनाको तालिम प्राप्त, प्रचलित कानुनबमोजिम सरकारी सेवाका लागि अयोग्य नठहरिएको, यस अघि राष्ट्रिय विकास स्वयंसेवक सेवामा स्वयंसेवकको रुपमा नियुक्त नभएको नेपाली नागरिक हुनुपर्ने छ ।
- मासिक निर्वाह भत्ताः रु १७०००/-र चाडपर्व खर्च वार्षिक रु ६०००/-


Web: www.mosd.lumbini.gov.np, Email: info.mosd@lumbini.gov.np, mosdfive@gmail.com, Phone No. 071-550038,